# प्रशासकीय अदालत

## इजलास

**श्री काशीराज दाहाल..................अध्यक्ष**

**श्री कुमार योञ्जन तामाङ्ग ..........सदस्य**

**श्री दुर्गानिधि शर्मा.....................सदस्य**

## फैसला

सम्वत् २०६९ सालको पु.वे.नं. .......... १४

**मुद्दा :- सेवाबाट हटाएको ।**

| | |
|---|---|
| काभ्रेपलाञ्चोक जिल्ला उग्रतारा गा.वि.स. वडा नं ६ घर भई सूचना तथा संचार मन्त्रालय अन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय सुर्खेतको हुलाक अधिकृत (रा.प.तृतीय श्रेणी) पदमा पदाधिकार रहेका गोपालप्रसाद गौतम............................१ | पुनरावेदक पक्ष |
| विरूद्ध | |
| श्री सञ्चार तथा सूचना मन्त्रालय, सिंहदरवार, काठमाडौं.....................................१ | प्रत्यर्थी विपक्षी |

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ :-

काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६४।३।२६ मा १० वर्ष कैद गर्ने फैसला भएको, पुनरावेदन अदालत पाटनबाट २०६५।१।१२ मा र सर्वोच्च अदालतबाट मिति २०६६।९।१ मा भएको फैसलाबाट समेत ज्यान सम्बन्धीको १४ नं बमोजिम १० वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६५।१।१२ को फैसलालाई सदर गरेको देखिएकोले तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपखण्ड (२) (क) बमोजिम विभागीय कारवाही किन नगर्ने ? सो गर्नु नपर्नाका कारणसहित पत्र प्राप्त भएको मितिले ७(सात) दिनभित्र स्पष्टीकरण पेश गर्नुहुनु सूचित

गर्दछु भन्ने समेत व्यहोराको मिति २०६९।१।५ मा सूचना तथा सञ्चार मन्त्रालयले यी पुनरावेदकलाई स्पष्टीकरण पेश गर्ने वारेको पत्र ।

सामान्य घरायशी विवादका कारण मेरी भाउज्यू सानु गौतमको मृत्यु भै मलाई ज्यान सम्बन्धी महलको १४ नं अनुसार १० वर्ष कैद सजाय तोकिएको र करिब ५ वर्ष कारागार कार्यालय काभ्रेमा कैद भुक्तान गरी मिति २०६८।११।७ मा कारागार कार्यालय काभ्रेबाट मुक्त भै मिति २०६८।१२।८ मा हुलाक सेवा विभागमा सम्मानित सर्वोच्च अदालतले मेरो मुद्दामा मिति २०६६।९।१ मा गरेको फैसला समेत संलग्न गरी हाजिर हुन पाउँ भनी निवेदन दिएको कुरा विदितै छ । साथै उक्त कर्तव्य ज्यान मुद्दा नैतिक पतन देखिने फौजदारी अभियोग हुने भन्ने कुरा कुनै कानूनमा उल्लेख गरेको अवस्था समेत छैन । सम्मानित सर्वोच्च अदालतबाट मिति २०५८ साल रि.पु.३ नं ४४ निवेदक वारा जिल्ला कलैया न.पा. वडा नं ७ घर भै सरस्वती ने.रा.प्रा.वि.वलहिया वारामा शिक्षक पदमा कार्यरत राम एकवाल शाह विरूद्ध जिल्ला शि.शा.कार्यालय वारा कलैया समेत भएको उत्प्रेषण समेत मुद्दामा पूर्ण इजलासबाट नैतिक पतनको व्याख्या भएको र सो अनुसार "चलन चल्तीको अर्थमा नैतिक पतन हुने, इमान्दारिता रहित सामाजिक अस्मिता विरूद्धको चरित्र हुन जस्तो कुरालाई जनाउँछ । यस शव्दावलीको प्रयोग विशेष नीच, अधम, चरित्रहिनता तथा दुराचारिताको लागि हुने गरेको भएतापनि यथार्थमा यस शव्दभित्र नैतिकतासंग सम्बन्धित व्यापक र विविध प्रकृतिको अवधारणाहरू पर्न सक्ने हुँदा सबै सामाजिक परिप्रेक्ष्य सबै प्रयोजन र स्थितिको लागि यस शव्दलाई परिभाषित पार्न सम्भव नदेखिने कुनै नियोजित वा मनसाययुक्त किसिमले ज्यान मारेको वा आर्थिक वा अन्य कुनै उद्देश्य पूर्तिका लागि ज्यान मारेको भन्ने समेत नदेखिएको भन्ने व्याख्या भएको परिप्रेक्ष्यमा म उपर लागेको अभियोगमा पनि सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला को पृष्ठ १५ को हरफ १५ तर निज प्रतिवादीले भने सानु गौतमलाइ मार्ने नै मनसाय राखी जोखिम हतियार प्रयोग गरेको भन्ने देखिएको छैन । त्यस्तै सोही पेजको हरफ २४ मा पनि प्रतिवादी गोपाल प्रसाद गौतम उपर ज्यान मार्ने मनसाय रहेको भन्ने नदेखिनुका साथै ज्यान मार्ने पूर्व इवि रहेको भन्ने अवस्था पनि देखिएको छैन भनी व्याख्या भएबाट मेरो कसूर एक भवितव्य घटना भएको कारण मलाई नैतिक पतन देखिने फौजदारी अभियोग लगाई सेवाबाट वर्खास्त गर्नु सरासर अन्याय हुन जान्छ । कुनै फौजदारी अपराध नैतिक पतन देखिने फौजदारी कसूर हुनको लागि सो कसूर निज कसूरदारको नैतिक आचरणसंग सम्बन्धित कार्य वा कसूर हो भनी ठोस आधार र बस्तुगत कारण हुनुपर्दछ । साथै सो कसूर गर्दा कसूरदारको आपराधिक मनसाय वा उद्देश्य कसूर गर्दाको परिस्थिति, अवस्था र परिवेश तथा त्यसबाट समाजमा पर्नसक्ने प्रभाव समेतलाई विचार गर्नुपर्ने हुन्छ । कुनै कार्य नैतिक आचरणसंग सम्बन्धित कार्य वा कसूर हो भन्ने कुरा व्यक्ति वा समाजको परिवेश, अवस्था, विचार र दृष्टिकोणमा पनि आधारित हुन्छ । फौजदारी अपराध र नैतिक पतन देखिने फौजदारी अपराध पर्यायवाची होइन । कानूनले दुवैलाई पयार्यवाची मानेको भए फौजदारी अपराधमा नैतिक पतन देखिने भन्ने विशेषण लगाउनु आवश्यक हुने थिएन । नैतिक पतन देखिने कसूरलाई कुनै कानूनद्वारा परिभाषित गरिएको नभए पनि सो कसूर सामान्य फौजदारी कसूरभन्दा पृथक र समान्य समझ भएका व्यक्तिको दृष्टिकोणमा नैतिकता आचरण तथा मानिसको चरित्रलाई गिराउने तथा धमिलो पार्ने, दाग लगाउने किसिमको कसूर हो भनी कुनै दृष्टिकोणले भन्न नमिल्ने । दुई पक्ष वीच झैझगडमा मानिसको मृत्यु भएको कारणबाट फौजदारी मुद्दा चलेको र सो फौजदारी मुद्दामा सजाय पाएको परिस्थितिमा चलेको ज्यान मुद्दालाई नैतिक पतन देखिने कसूर हो भनी कुनै दृष्टिकोणले भन्न नमिल्ने मुद्दामा १० वर्ष कैद भएको सन्दर्भमा भएको सो व्याख्या मेरो हकमा समेत यो निर्णय आकर्षित हुने हुँदा मलाई सेवाबाट बर्खास्त गर्ने प्रस्ताव बदरभागी छ । बदर गरी पाउँ । निजामती सेवाको अधिकृत पदमा पुग्नकोलागि गर्नुपर्ने परिश्रम, लगनशीलता र १६ वर्ष सम्म राष्ट्रको सेवा गरी निवृत्तिभरण पाउने अवस्थामा जागिरबाट बर्खास्त भएमा उत्पन्न हुने पिडा, सामाजिक, मनोवैज्ञानिक असर परिवार र समाजप्रति निभाउनु पर्ने दायित्व आदि विविध समस्या

श्रृजना हुने हुँदा मानवीय सम्वेदनशीलतालाई गम्भीरतापूर्वक लिइदिनु हुनेछ । सर्वोच्च अदालतबाट कायम भएका कानूनी सिद्धान्त समेतको आधार र कानून व्याख्याको स्वर्णिम सिद्धान्त (Golden rule) प्रयोग गरी मलाइ जागिरबाट बर्खास्त गर्ने प्रस्ताव बदर गरी कुनै किसिमको विभागीय कारवाही नगरी मिति २०६८।१२।८ को निवेदन अनुसार हाजिर गराई सेवामा निरन्तरता प्रदान गरिदिनु हुन अनुरोध गर्दछु भन्ने समेत व्यहोराको यी पुनरावेदकले सूचना तथा सञ्चार मन्त्रालयमा मिति २०६९।१।२१ मा पेश गरेको स्पष्टीकरण ।

हुलाक सेवा विभाग अन्तर्गत मध्यपश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, सुर्खेतमा पदाधिकार रहेको हुलाक अधिकृत (रा.प.तृतीय) गोपालप्रसाद गौतमलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(२) (क) बमोजिम "नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा भनिएको" कसूरको सोही ऐनको दफा ५९ को (ख) को देहाय (२) बमोजिम "भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने" सजाय गर्न त्यहाँको परामर्शको लागि सोसंग सम्बन्धित सक्कलै फाईल यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०६९।२।३को निर्णयानुसार अनुरोध गर्दछु भन्ने समेत व्यहोराको मिति २०६९।२।१९ मा सूचना तथा सञ्चार मन्त्रालयले लोक सेवा आयोगमा परामर्शको लागि लेखेको पत्र ।

मध्यपश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, सुर्खेतमा पदाधिकार रहेका हुलाक अधिकृत (रा.प.तृतीय) गोपालप्रसाद गौतमलाइ निजामती सेवा ऐन, २०४९ को दफा ६१(२) (क) को कसूरको सोही ऐनको दफा ५९ को (ख) को देहाय (२) अनुसार भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने विभागीय सजाय गर्न परामर्श माग भई आएकोमा माग बमोजिम परामर्श पठाउने भनी आयोगबाट मिति २०६९।२।३२मा निर्णय भएको हुँदा निर्णयानुसार सक्कल फाईल यसै पत्रसाथ फिर्ता पठाइएको छ । निजलाई कारवाही भइसकेपछि सोको जानकारी यस आयोगलाई समेत दिनुहुन अनुरोध छ भन्ने समेत व्यहोराको मिति २०६९।३।३ मा लोक सेवा आयोगले परामर्शसहित सक्कल फाईल फिर्ता पठाएको पत्र ।

मध्यपश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, सुर्खेतको हुलाक अधिकृत (रा.प.तृतीय) पदमा पदाधिकार रहेका गोपालप्रसाद गौतमलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२)(क) को कसूरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम मिति २०६४।३।२६देखि "भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने" सजायको आदेश यस मन्त्रालयको सचिवस्तरबाट मिति २०६९।५।११ मा भएको व्यहोरा जानकारी गराइन्छ भन्ने समेत व्यहोराको मिति २०६९।३।२९ मा गोरखापत्रमा प्रकाशित यी पुनरावेदकलाई सेवाबाट बर्खास्त गरिएको सूचना ।

मध्यपश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालयमा पदाधिकार रही हुलाक अधिकृत (रा.प.तृतीय) पदमा कार्यरत गोपालप्रसाद गौतमले कर्तव्य ज्यान मुद्दामा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६४।३।२६ मा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं बमोजिम १० वर्ष कैद गर्ने गरी भएको फैसला पुनरावेदन अदालत पाटनबाट मिति २०६५।१।१० मा र सर्वोच्च अदालतबाट मिति २०६६।९।१ मा सदर भएको देखिएको र निजले गरेको सो कसूरको सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ६६ को उपदफा (१) बमोजिम ७ (सात) दिनको म्याद दिई स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको सफाईको व्यहोरा सन्तोषजनक देखिएन । यस बाहेक निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको एवं सो ऐनको दफा ५९ को खण्ड (क) बमोजिम सफाईको मौका दिई रहन नपर्ने भएकोले निजलाई थप स्पष्टीकरण सोध्न आवश्यक नदेखिएको, यस सम्बन्धमा सङ्कलन भएका कागजात, बुझिएका सबूद प्रमाण र पेश भएको स्पष्टीकरण उपर समेत विचार गर्दा उक्त सबूद प्रमाणबाट निज गोपालप्रसाद गौतमले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) (क) बमोजिमको कसूर गरेको

देखिएकोले निज गोपालप्रसाद गौतम उपर सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) अनुसारको सजाय प्रस्तावित गरी सो सजाय गर्नको निमित्त लोकसेवा आयोगको केन्द्रिय कार्यालयलाई परामर्श प्राप्त गरी प्राप्त भए अनुरूप निज गोपाल प्रसाद गौतमलाई सो ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम जिल्ला अदालतबाट कसूर ठहरिएको मितिबाट लागू हुने गरी "भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने" सजाय दिने निर्णय आदेश गरिएको छ । यो आदेशमा चित्त नबुझेमा प्रचलित कानूनको म्यादभित्रै पुनरावेदन दिन सकिने छ भन्ने समेत व्यहोराको सूचना तथा सञ्चार मन्त्रलायका सचिवले मिति २०६९।५।११ मा गरेको सजायको आदेश ।

कर्तव्य ज्यान मुद्दामा काभ्रे जिल्ला अदालतबाट मिति २०६४।३।२६ मा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं बमोजिम १० वर्ष कैद गर्ने फैसला भएको र सर्वोच्च अदालतबाट मिति २०६६।९।१ मा उक्त सजाय गर्ने अन्तिम फैसला भएकोमा सोही फैसला बमोजिम ५ वर्ष जति कैद भुक्तान गरी बाँकी कैद माफि मिन्हा भई थुनामुक्त भएको अवस्था छ। सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको २ वर्ष विति सक्दापनि मलाइ विपक्षीबाट कुनै कारवाही र सजाय गरिएको छैन । जव उक्त कैद भुक्तान गरी बाँकी कैद मिन्हा भई मिति २०६८।११।७ मा प्रजातन्त्र दिवसका दिन थुना मुक्त भएपछि सम्बन्धित हुलाक सेवा विभागमा मिति २०६८।१२।८मा हाजिर हुन जाँदा त्यसपछि मात्रै उक्त आरोप लगाई मिति २०६९।१।५ मा कथित स्पष्टीकरण सोधी मिति २०६९।५।११ मा सेवाबाट बर्खास्त गरिएको देखिन्छ । त्यसरी उक्त कर्तव्य ज्यान मुद्दामा भवितव्य ठहऱ्याई भएको सजायलाई निजामती सेवा ऐनको दफा ६१(२)(क) बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोग भनी उक्त सजाय गरिएकोमा त्यस्तो नैतिक पतन देखिने फौजदारी अभियोग हो भन्ने कुरा उक्त फैसलामा बोलिएको छैन । त्यस्तो कुरा जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतबाट भएको कुनै पनि फैसलामा बोलिएको नदेखिदा त्यस्तो सजायलाई नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको भनी गरिएको उक्त निर्णय एवं सजाय विल्कुलै त्रुटिपूर्ण छ । कुनै फौजदारी अपराध नैतिक पतन देखिने फौजदारी कसूर हुनको लागि सो कसूर निज कसूरदारको नैतिक आचरणसंग सम्बन्धित कार्य वा कसूर हो भनी ठोस आधार र बस्तुगत कारण हुनुपर्दछ । त्यसैगरी दुई पक्ष वीच झैझगडा भई मानिसको मृत्यु भएको कारणबाट फौजदारी मुद्दा चलेको र सो फौजदारी मुद्दामा सजाय पाएको परिस्थितिमा चलेको ज्यान मुद्दालाई नैतिक पतन देखिने कसूर हो भनी कुनै दृष्टिकोणले भन्न मिल्दैन । त्यसैगरी नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार अनुसन्धान ठहरिएको भनी निजामती सेवा ऐन थप स्पष्टीकरण सोध्न आवश्यक नदेखिएको भन्ने सन्दर्भ छ, त्यस सन्दर्भमा पहिलो कुरा त मलाई नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय भएकै छैन । ज्यान सम्बन्धी महलका १४ नं बमोजिम गरिएको सजायको फैसलामा उक्त सजाय नैतिक पतन देखिने फौजदारी अभियोग हो भनी कही कतैबाट पुष्टी भएको देखिंदैन । त्यस्तो अवस्था हुँदा हुँदै पनि जवरजस्तीपूर्वक मलाई सफाईको मौका दिनु नपर्ने भनी थप स्पष्टीकरण नसोधिएको भनी उल्लेख गरिएको उक्त निर्णय न्यायसङ्गत छैन । उचित र पर्याप्त कारण भएमा मात्रै सजाय गर्नु पर्नेमा त्यस्तो कारण नदेखाई गरिएको सजाय दफा ५९ को समेत विपरित छ । मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं बमोजिम १० वर्ष कैदको सजाय पाएको अवस्थामा त्यस्तो अभियोगलाई नैतिक पतन देखिने फौजदारी अभियोग लागेको भन्ने प्रचलित कानूनमा कुनै व्यवस्था भएको पाइदैन । कुनैपनि अभियोग नैतिक पतन देखिने अभियोग हो होइन भनी विभागीय कारवाही र सजाय गर्ने सन्दर्भमा विभागीय सजाय गर्ने अधिकारीले निर्णय गर्ने विषय नभएर सो पूर्व नै सो कुरा ठहर भएको हुनुपर्ने विषय हो । तर मेरो हकमा त्यस्तो ठहर नै नभएको अवस्थामा विभागीय सजाय गर्ने अधिकारीले कुनै कानूनी आधार वेगर आफूखुशी नैतिक पतन देखिने फौजदारी कसूर भनी सजाय गर्न मिल्ने होइन । कुन अपराध नैतिक पतन देखिने हो भन्ने कुरा प्रत्येक मुद्दाको वारदात, कस्तो स्थितिमा भएको हो?अपराधको प्रकृति आदि हेरेर

अदालतले मात्र न्यायिक निर्णयद्वारा भन्न सक्ने विषय भएकोले विपक्षीबाट भएको सो निर्णय देखा देखि रूपमा त्रुटिपूर्ण रहेको छ । मलाइ सेवाबाट बर्खास्त गर्ने गरी भएको मिति २०६९।५।११ को निर्णय र सो निर्णयानुसार मिति २०६९।६।२९ मा प्रकाशित सूचना एवं पत्रलाई वदर गरी सेवामा पुनर्वहाली गरी सेवाबाट हटाइएको मितिदेखि पुनर्वहाली हुने मितिसम्मको बीचको अवधिको तलव सुविधा समेत दिने गरी इन्साफ गरीपाउ भन्ने समेत व्यहोराको यी पुनरावेदकले मिति २०६९।९।१ मा यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

यसमा यी पुनरावेदकलाई ज्यान सम्बन्धी महलको नं १४ बमोजिम सर्वोच्च अदालतबाट समेत १० वर्ष कैद गर्ने गरी भएको फैसलाका आधारमा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) को खण्ड (क) बमोजिम सूचना तथा सञ्चार मन्त्रालयका सचिवबाट मिति २०६९।५।११ मा सेवाबाट बर्खास्त गर्ने सजाय भएकोमा ज्यान मुद्दालाई नैतिक पतन देखिने कसूर हो भनी भन्न नमिल्ने भनी सर्वोच्च अदालतबाट ने.का.प.२०६७ अङ्क १० मु. १७१७ मा सिद्धान्त स्थापित भइरहेको सम्बन्धमा सो सिद्धान्त समेतको प्रतिकूल हुने गरी सेवाबाट बर्खास्त गर्ने गरेको सजाय सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सङ्गत नभएको भन्ने पुनरावेदकको जिकिर विचारणीय भएकोले प्रस्तुत मुद्दामा अ.वं २०२ नं बमोजिम प्रत्यर्थी सूचना तथा सञ्चार मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार गर्नू भन्ने समेत व्यहोराको मिति २०६९।११।२४मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको भन्ने आधारमा विभागीय सजायको निर्णय गर्नु कानून र न्यायको मान्य सिद्धान्त प्रतिकूल भएको, कुन अपराध नैतिक पतन देखिने हो भन्ने कुरा अपराधको प्रकृति हेरेर न्यायिक निर्णयद्वारा भन्न सक्ने विषय भएकोले विपक्षी सचिवबाट भएको त्यो निर्णय त्रुटिपूर्ण हुँदा वदर हुनुपर्छ भन्ने पुनरावेदकको जिकिर तथा प्रत्यर्थीको तर्फबाट रहनु भएका सरकारी वकिल अविकेश्वर पोखरेलले यी पुनरावेदकले ज्यान मुद्दाको वारदात पूर्वदेखि नै कार्यालयमा कुनै जानकारी नदिई विदा स्वीकृत नगराई लामो समयसम्म कार्यालयमा अनुपस्थित भएको र त्यसमा पनि यी पुनरावेदकले कर्तव्य ज्यान मुद्दामा अदालतबाट सजाय पाएको स्पष्ट रूपमा देखिएको स्थितिमा कर्मचारीले गर्नुपर्ने आचरण विरूद्ध गरिएको कार्यका निम्ति सजाय नहुने हो भने कर्मचारी प्रशासनको कुनै अर्थ नरहने हुँदा निजको स्पष्टीकरण समेत लिई सेवाबाट बर्खास्त गर्ने गरी सचिवको तहबाट भएको निर्णय कानूनसम्मत नै देखिंदा सदर हुनुपर्छ भन्ने समेत व्यहोराको बहस समेत सुनी पुनरावेदकको मिसिल तथा निजको तर्फबाट प्रस्तुत गरिएको *वृषबहादुर राई विरूद्ध शिक्षा मन्त्रालय समेतको नि.नं. ८४८१* को नजिर समेतको अध्ययन गरी हेर्दा सूचना तथा सञ्चार मन्त्रालयका सचिवले मिति २०६९।५।११ मा यी पुनरावेदकलाई भविष्यमा सरकारी सेवाको निम्ति अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरी गरेको निर्णय कानूनसम्मत छ, छैन ? सो निर्णय बदर गर्नुपर्ने हो, होइन? भन्ने प्रश्नमा नै यस अदालतले निर्णय दिनुपर्ने देखिन आयो । मध्य पश्चिमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालयमा पदाधिकार रही हुलाक अधिकृत पदमा कार्यरत यी पुनरावेदक कर्तव्य ज्यान मुद्दामा काभ्रेपलाञ्चोक जिल्लाबाट मिति २०६४।३।२६ मा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं बमोजिम १० वर्ष कैद गर्ने गरी भएको फैसला पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।१।१२ मा र सर्वोच्च अदालतबाट मिति २०६६।९।१ मा सदर भएकोले निजले गरेको सो कसूरको सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (२) (क) बमोजिमको कसूर गरेको देखिएकोले सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम जिल्ला अदालतबाट कसूर ठहरिएको मितिबाट लागू हुनेगरी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सूचना तथा सञ्चार मन्त्रालयका सचिवबाट मिति २०६९।५।११ मा यी पुनरावेदकलाई सेवाबाट बर्खास्त गर्ने निर्णय गरेको देखियो । यी पुनरावेदकलाई कर्तव्य ज्यान

मुद्दामा सर्वोच्च अदालतबाट समेत ज्यान सम्बन्धी महलको १४ नं बमोजिम १० वर्ष कैदको सजाय भएको भन्ने कुरामा विवाद देखिन्न । यी पुनरावेदकले गरेको कर्तव्य ज्यान सम्बन्धी मुद्दाको कसूर नैतिक पतन हुने फौजदारी मुद्दा हो, होइन? भन्ने नै यस मुद्दामा मुख्य प्रश्न निहित भएको देखिन्छ । नेपाल कानूनले के कस्तो फौजदारी अभियोग नैतिक पतन हुने भन्ने सम्बन्धमा कुनै स्पष्ट परिभाषा गरी मुद्दाहरूको वर्गीकरण गरेको देखिन्न । नैतिक पतन देखिने फौजदारी अपराधभित्र के कस्ता अपराधहरू पर्दछन् भन्ने प्रश्न आफैमा एउटा जटिल प्रश्न हो । विधायिकाबाट कानूनमा कुनै स्पष्ट परिभाषा गरी नैतिक पतनसम्बन्धी अपराधको वर्गीकरण गरेको पाइन्न । कुनै व्यक्तिमा कुनै अयोग्यताका आधारहरू तोक्ने सन्दर्भमा कतिपय ऐन कानूनमा नैतिक पतन हुने फौजदारी कसूरमा सजाय पाएको भन्ने सम्मको उल्लेख भएको देखिन्छ । कुनै अपराध नैतिक पतन देखिने फौजदारी अपराध हो, होइन ? भन्ने कुराको निर्णय सम्बन्धित समाजमा तत्काल कायम रहेको नैतिक मूल्यको सन्दर्भमा गर्नुपर्ने हुन्छ । यो समय सापेक्ष विषय हो । सधैँ र सबै परिस्थितिका लागि नैतिक पतन देखिने फौजदारी अपराधको किटुवा सूची तयार गरी परिभाषा दिन पनि सम्भव देखिन्न । यही कुरालाई ध्यानमा राखी नैतिक पतन हुने फौजदारी कसूरमा किटान गर्ने कार्य विधायिकाले न्यायिक विवेकमा नै छाडेको र न्यायकर्ताले पनि विषय र सन्दर्भलाई विचार गरेरमात्र त्यस सम्बन्धमा कुनै निष्कर्षमा पुग्नुपर्छ भन्ने सिद्धान्त रहेको देखिन्छ (**अम्वरबहादुर पाण्डे क्षेत्री समेत** विरूद्ध **नरबहादुर पाण्डे क्षेत्री**, २०३० सालको स्पेसल नं. १/५२, ने.का.प. २०३०, पृ. २४६) । “नैतिक पतन” भन्नाले स्वच्छ र असल व्यवहार नहुनु, सामाजिक अस्मिता विरूद्धको चरित्र हुनु हो । यथार्थमा यसभित्र व्यापक र विविध प्रकृतिको अवधारणाहरू पर्न सक्ने हुँदा विभिन्न परिप्रेक्ष्यको सन्दर्भ र पृष्ठभूमिमा यसको निष्कर्ष निकाल्नुपर्दछ भन्ने सिद्धान्त रहेको छ (**रामएकवाल साह** विरूद्ध **जिल्ला शिक्षा कार्यालय बारा**, ने.का.प. २०६०, नि.नं. ७२१५, पृ. ३६८) । ऐन कानूनले नैतिक पतन देखिने फौजदारी अपराधको स्पष्ट परिभाषा र वर्गीकरण नगरेको अवस्थामा कसूरको गम्भीरतालाई हेरेर नै निर्णय गर्नुपर्ने हुन्छ ।

निजामती कर्मचारीले कार्यालयको काम र जिम्मेवारी बाहेक निजी जीवनमा पनि शिष्टाचार र नैतिकता अनुरूपको आचरण र व्यवहार गर्नुपर्ने हुन्छ । आचरणका नियमहरू नतोकेको अवस्थामा पनि सदाचारयुक्त व्यवहार गर्नु कर्मचारीको कर्तव्य हो । भारतीय सर्वोच्च अदालतले **गोविन्द मेनन (१९६७)** को मुद्दामा राष्ट्रसेवक कर्मचारीले सार्वजनिक सेवा वा कार्यालयको जिम्मेवारीको अतिरिक्त निजी जीवनमा पनि शिष्टता र नैतिकताको निश्चित मापदण्डलाई पालना गर्नुपर्दछ, यस्तो मापदण्ड प्रतिकूल कार्य गरेको अवस्थामा त्यस्तो राष्ट्रसेवक कर्मचारी सजायको भागीदार हुने (***Govind Menon** v. **Union of India**, AIR 1967 SC 1274)* व्याख्या रहेको देखिन्छ । नैतिक पतन देखिने कसूरलाई कानूनद्वारा स्पष्ट परिभाषित गरेको नभए पनि समाजको त्यस्तो कसूरप्रतिको दृष्टिकोणको आधारमा अदालतले निरूपण गर्नुपर्ने देखिन आउँछ । पुनरावेदकको तर्फबाट पेश भएको *वृषबहादुर राई विरूद्ध नेपाल सरकार शिक्षा मन्त्रालय समेतको मुद्दामा (ने.का.प. २०६७, अङ्क १०, पृ. १७१७)* सर्वोच्च अदालतबाट गरिएको व्याख्या र प्रतिपादित नजीर प्रस्तुत मुद्दामा आकर्षित हुन सक्छ सक्दैन भनी तत्सम्बन्धी नजीर अध्ययन गर्दा कुनै कार्य नैतिक आचरणसँग सम्बन्धित कार्य कसूर हो भन्ने कुरा व्यक्ति वा समाजको परिवेश, अवस्था, विचार र दृष्टिकोणमा पनि आधारित हुन्छ । ... नैतिक पतन देखिने कसूरलाई कुनै कानूनद्वारा परिभाषित गरिएको नभए पनि सो कसूर सामान्य फौजदारी कसूरभन्दा पृथक र सामान्य समझ (Ordinary Prudence) भएका व्यक्तिको दृष्टिकोणमा नैतिकता, आचरण तथा मानिसको चरित्रलाई गिराउने र धमिलो पार्ने, दाग लगाउने किसिमका कसूर हो भनी बुझ्नुपर्ने भन्ने व्याख्या भएकाले कुनै मुद्दामा गरिएको सजायको मात्राको घटी वा बढीले नैतिक पतन हुने फौजदारी अपराधको मापन हुने नभई सामान्य समझ भएका व्यक्तिको दृष्टिकोणबाट विषयवस्तुको गम्भीरता, त्यसप्रतिको सामाजिक धारणा र अन्तर्राष्ट्रिय मूल्य मान्यताका आधारमा नैतिकताको निरूपण गर्नुपर्ने भन्ने नै रहेको देखिन्छ । निजामती कर्मचारी कर्तव्य ज्यान जस्तो

गम्भीर अपराधमा कसूरदार ठहरिनु त्यस्तो कर्मचारीको सदाचार र शिष्ट व्यवहार मान्न सकिन्न । यस अदालतबाट *प्रभुलाल चौधरी विरूद्ध जलश्रोत मन्त्रालय* समेतको मुद्दामा*(२०६६पु.वे.नं १८)* निजामती पदमा रहेको कर्मचारीले मानिसको हात जस्तो महत्वपूर्ण कर्मेन्द्रीय अङ्ग नै वेकम्मा हुने गरी छिनाई अदालतबाट त्यस्तो कसूरमा सजाय पाएको अवस्थामा नैतिक पतन नहुने सदाचारयुक्त काम गरेको भन्न सकिने अवस्था नहुने भनी त्यस्तो कार्यलाई कर्मचारीको नैतिक पतन हुने फौजदारी कसूर मान्नु पर्ने भनी यस अदालतबाट ब्याख्या भइरहेको भएतापनि सर्वोच्च अदालतले ***वृष बहादुर राई विरूद्ध नेपाल सरकार, शिक्षा मन्त्रालय समेत***को मुद्दामा शिक्षक कर्मचारीले गरेको कर्तव्य ज्यान अन्तर्गत दश वर्ष कैद भएको कार्यलाई नैतिक पतन हुने फौजदारी मुद्दा मान्न नमिल्ने भन्ने निर्णय गरी सिद्धान्त कायम गरेको देखिंदा सो नजिरको आधारमा यी पुनरावेदकको कसूर र सजायको स्थिति सो मुद्दाको तथ्यसँग मिल्दोजुल्दो प्रकृतिको हुँदा निजले गरेको कार्य नैतिक पतन हुने फौजदारी अपराध मान्न नसकिने भएकोले यी पुनरावेदकले नैतिक पतन हुने फौजदारी अपराधमा अदालतबाट सजाय पाएको भनी भविष्यमा सरकारी सेवाको निम्ति अयोग्य हुने भनी गरेको निर्णय सो हदसम्म मिलेको देखिएन ।

नैतिक पतन हुने फौजदारी मुद्दा नठहरेकै अवस्थामा निज पुनरावेदक विदा स्वीकृत नगराई करीब तीन वर्षभन्दा बढी सेवामा अनुपस्थित भएको र फौजदारी मुद्दामा दश वर्ष कैद भएको अवस्थामा निजको सेवा कायमै रही निरन्तर हुन सक्छ, सक्दैन? भन्ने सम्बन्धमा गम्भीर रूपमा विचार गर्नुपर्ने हुन्छ । हरेक क्षेत्रको प्रतिष्ठा, मर्यादा र अनुशासन कायम गर्न विधायिकाले निश्चित मापदण्ड निर्धारण गरेको हुन्छ । उदाहरणको निम्ति योग्य, सक्षम, इमान्दार, स्वच्छछवि र नैतिकवान व्यक्तिहरू नै व्यवस्थपिका-संसदमा निर्वाचित भएमा व्यवस्थापिक-संसदको गरिमा बढ्छ भन्ने अभिप्रायले निर्वाचनमा उम्मेदवार हुन नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको हुनुपर्ने साथै भष्ट्राचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण वा राहदानी दुरूपयोगसम्बन्धी कसूरमा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको, यस्तै ज्यान सम्बन्धी मुद्दामा अदालतको अन्तिम फैसलाबाट सर्वस्व सहित जन्मकैद वा जन्मकैदको सजाय पाएको, बैङ्क तथा वित्तीय सस्थाको ऋृण नियतवश नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा रहेको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने कानूनले व्यवस्था गरी कानून बनाउने निकायमा स्वच्छ छवि भएका व्यक्तिको प्रतिनिधित्व हुनुपर्छ भन्ने उद्देश्य रहेको देखिन्छ । यस्तै योग्यता र अयोग्यताका सम्बन्धमा विभिन्न प्रयोजनका लागि विभिन्न ऐन कानूनमा विभिन्न व्यवस्था गरेको देखिन्छ । यस सन्दर्भमा निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउने उद्देश्यले जारी भएको निजामती सेवा ऐन, २०४९ ले निजामती कर्मचारीले कसैलाई पनि यातना दिनु नहुने र घरेलु हिंसासम्बन्धी कार्य समेत गर्नु गराउन नहुने भन्ने जस्ता विभिन्न व्यवस्था गरी निजामती कर्मचारीको आचरण निर्धारण गरी निजामती सेवामा स्वच्छ छवि भएका व्यक्तिहरू योग्यता र सक्षमताका आधारमा सेवारत रहुन भन्ने उद्देश्य राखेको देखिन्छ । निजामती सेवा ऐन, २०४९ ले आचरण उल्लघंन गर्ने, विदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफनो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सेवाबाट बर्खास्त गर्ने समेतको व्यवस्था गरेको छ । निजामती कर्मचारी अनुशासित, शिष्ट र मर्यादित हुनुपर्ने विधायिकाको चाहना देखिन्छ भने त्यस्तै निष्कलङ्क र स्वच्छ छवि भएको व्यक्तिबाट जनताप्रति सेवा प्रवाह हुन्छ भन्ने अपेक्षा जनताले राखेको हुन्छ । यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतले **कुलदिप सिंह**को मुद्दामा गरेको देहाय बमोजिमको व्याख्याले समेत स्पष्ट गर्छ :-

> *'Every Public servant is a trustee of the society and in all facets of public administration, every public servant has to exibhit honesty, integrity, sincerity and faithfulness in the implementation of the political, social, economic and*

*constitutional policies to intregrate the nation to achieve excellence and efficiency in public administration."*
***(Superintending Engineer, Public Health Union Teritory, Chandigarh** v. **Kuldeep Singh**, 1997, 9 SCC 199.)*

सभ्य समाजका निम्ति कानून आफैमा पनि उचित र विवेकयुक्त हुनुपर्छ । संवैधानिक नीतिको परिधिभित्र विधायिकले आफनो विवेक (*Legislative wisdom*) प्रयोग गरी निर्माण गरेको कानूनले न्याय, नैतिकता र सभ्य समाजको निम्ति आवश्यक पर्ने आधारभूत अन्तरबस्तुलाई समाहित गरेको हुन्छ भन्ने जनताको अपेक्षा हुन्छ । यदि विधायिकाले न्याय, नैतिकता र सभ्य समाजका निम्ति आवश्यक पर्ने केही कुरा कानून बनाउँदा छुटाएको रहेछ भने त्यसको परिपूर्ति न्यायिक व्याख्याबाट हुन सक्छ । सक्षम अधिकारी (*Competent authority*) ले कानूनको व्याख्या गर्दा सार्वजनिक विवेक, नैतिकता, शिष्टता र मर्यादाका आधारभूत मान्यतालाई आत्मसात् गरी समाजद्वारा स्वीकार्य (*people's acceptability*) हुने किसिमबाट गर्नुपर्छ भन्ने आधुनिक विधिशास्त्रको मान्यता रहेको छ (*H.L.A. Hart, **The Concept of Law**, Oxford University Press, 2005,PP.185-214*) । कानूनको वैधताका निम्ति त्यस्तो कानूनको व्याख्या समाजद्वारा सहजरुपमा ग्रहणयोग्य हुनसक्ने हुनुपर्छ । कानूनको छिद्राबाट समाजमा विकृति बढाउने किसिमले कानूनको प्रयोग र व्याख्या गरिनुहुन्न (*John Rawls, **A Theory of Justice,** Universal Law Publishing Co. 2000,PP. 251-257;Jurgen Habermas, **Between Facts and Norms,** polity press,1997, PP.204-211*)। कानूनले सभ्य समाजका आदर्श र मूल्य मान्यतालाई वचाई राख्न सकेमा नै त्यस्तो कानूनी व्यवस्था दीगो हुन सक्छ । यस मान्यताको पृष्ठभूमिमा प्रस्तुत मुद्दासंग सम्बन्धित कानूनको अर्थ र व्याख्या गरिनु सान्दर्भिक हुने देखिन्छ । निजामती सेवा ऐन, २०४९ को समग्र अध्ययनले उच्च नैतिकवान्, सदाचारी, सक्षम कर्मचारीबाट सार्वजनिक प्रशासनको सञ्चालन हुने अपेक्षा राखेको देखिंदा यी पुनरावेदक विदा स्वीकृत नगराई करिब ३ वर्षभन्दा बढी समयसम्म कार्यालयलाई कुनै जानकारी नै नदिई कार्यालयमा अनुपस्थित हुनुले निजको अनुशासनपूर्ण काम मान्न नसकिने, विदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी समयसम्म कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सेवाबाट हटाउने कानूनको स्पष्ट व्यवस्था रहेको, त्यसमा पनि यी पुनरावेदक करिब ३ वर्षको लामो अवधिसम्म कार्यालयलाई कुनै जानकारी नदिई रहनु र ततपश्चात् कर्तव्य ज्यान मुद्दामा दश वर्षको सजाय तोकिएको अवस्थामा त्यस्तो कर्मचारीको पद र सेवा जहिले पनि कायमै रही निज जहिले पनि वहाल हुन सक्छन् भन्ने अनुमान कानूनले गरेको छ भन्ने अर्थ गर्नु युक्तिसङ्गत हुने देखिन्न । कानूनको मूल उद्देश्य नै तोडमोड हुनेगरी कानूनमा उल्लिखित कुनै प्रावधान मात्रको आधारमा जर्वजस्ती व्याख्या गर्न खोज्नु कानूनको ब्याख्यासङ्गत हुने पनि देखिन्न । यसरी निजामती सेवा ऐन, २०४९ ले निजामती कर्मचारीको आचरण शिष्ट र मर्यादित हुनुपर्ने कुरालाई स्पष्ट गरिरहेको सन्दर्भमा नैतिक पतन हुने फौजदारी अपराध कर्तव्य ज्यान मुद्दामा सजाय पाएको कसुरलाई नमाने पनि  फौजदारी अपराधमा दश वर्षसम्म कैदको सजाय पाएको व्यक्ति सो पदमा निरन्तर रहिरहन सक्छ भन्ने तर्क गर्नु समाजको वैध अपेक्षा र कानूनको उद्देश्यसङ्गत हुन्छ भनी मान्न सकिन्न । यस पृष्ठभूमिमा यी पुनरावेदक मिति २०६०।१।१ देखि अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता भएको मिति २०६२।७।२७ सम्म पनि कार्यालयमा उपस्थित नभई करीब तीन वर्षभन्दा लामो अवधि विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित भएको र तत्सम्बन्धमा ज्यान मुद्दामा सजाय पाई सजाय भुक्तान गर्न कारागार बसी त्यसबाट त्यति लामो समयसम्म कार्यालयमा अनुपस्थित भएकोमा पनि निज सो पदमा निरन्तर रहिरहन्छ भन्नु तर्कोचित एवम् निजामती सेवाको गरिमा र प्रतिष्ठा अनुकूल नहुने हुँदा यी पुनरावेदकलाई अधिकारप्राप्त अधिकारीले प्रतिवादको मौका दिई कानूनको रीत पुऱ्याई लोकसेवा आयोगको समेत परामर्श लिई सेवाबाट हटाउने गरी भएको निर्णय अनुचित भन्न नसकिने भएकोले यी पुनरावेदकलाई नैतिक पतन हुने फौजदारी अपराधमा अदालतबाट सजाय पाएको भनी

भविष्यमा सरकारी सेवाको निम्ति अयोग्य हुने सम्मको निर्णय सर्वोच्च अदालतको ***बृष बहादुर राई विरूद्ध नेपाल सरकार शिक्षा मन्त्रालय समेत***को मुद्दामा प्रतिपादित नजीर समेतको प्रतिकूल हुने हुँदा त्यतिहदसम्म वदर भई निज भविष्यमा सरकारी सेवाका निम्ति अयोग्य नहुने गरी सेवाबाट बर्खास्त हुने सजाय कायम हुने ठहर्छ । यो फैसलाको जानकारी पुनरावेदक, सम्बन्धित मन्त्रालय तथा महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिई मिसिल नियमानुसार बुझाई दिनू ।

..............................

(काशीराज दाहाल)

अध्यक्ष

उक्त रायमा सहमत छौं ।

................................. ............................

(दुर्गानिधि शर्मा) (कुमार योञ्जन तामाङ्ग)

सदस्य सदस्य

इति सम्वत् २०७० साल असार ६ गते रोज ५ शुभम् ।